Nepali HFA



# माथिबाट को सहायता

वाट्सन गूडमन द्वारा संकलित

बिना मुल्य–बिक्री को लागि होइन

## माथिबाट को सहायता

परमेश्वरको वचन ‘माथिबाट’ आउँछ औ धार्मिकताको निम्ति भोकाएका र तिर्खाएका हृदयहरूका लागि अत्यन्तै उपयोगी हुन्छ। जब कसैले पश्चाताप् गरेर पापलाई त्याग छ, त्यसपछि आफ्नो सम्पूर्ण हृदयले मुक्तिदाता प्रभु येशु ख्रीष्ट माथि विश्वास गर्छे, प्रभुले आफैलाई त्यसमाथि प्रकट गर्नुहुन्छ औ विश्वासीको हृदयमा आफ्नै आनन्द र शान्ति दिनुहुन्छ। मैले १९३७ सालमा यो अनुभव गरे औ त्यसपछि देखि धेरै वर्षसम्म प्रभुसँगको यो अचम्भको सङ्गति तोड़ेको छैन। यदि तपाईंले अझसम्म आफैलाई समर्पण गर्नु भएको छैन भने अहिल्यै समर्पण गर्नु होस् भनी आग्रह गर्दछु।

वाट्सन् गूडमन

## परमेश्वरको प्रेम



किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, उहाँमाथि विश्वास गर्ने नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।

यूहन्ना ३:१६

तर परमेश्वरले हामी तर्फको उहाँको आफ्नो प्रेम उहाँमा यसैमा प्रमाणित गर्नुहुन्छ, कि हामी पापी छँदै, ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो।

रोमी ५:८

औ विश्वासयोग्य साक्षी, र मरेकाबाट बिउँत्तनेहरूमध्ये जेठो र पृथ्वीका राजाहरूका मालिक, येशू ख्रीष्टबाट, तिमीहरूलाई अनुग्रह र शान्ति। हामीलाई प्रेम गर्नुहुने, र आफ्नो रगतले हाम्रा पापबाट हामीलाई छुड़ाउनुहुने। प्रकाश १:५



## येशू ख्रीष्टको ईश्वरत्व

अब भविष्यवक्ताद्वारा प्रभुले बोल्नुभएको वचन पुरा होस् भनेर यी सब हुनआएका हुन्, “हेर, कन्या गर्भवती हुनेछन्, र एउटा पुत्र जन्माउनेछन्, र तिनीहरूले उहाँको नाउँ इम्मानुएल राख्नेछन्, जसको अर्थ हो परमेश्वर हामीहरूसित।”

मत्ती १:२२-२३

औ बिना विवाद हामी मान्दछौं, कि भक्तिको रहस्य महान छ। उहाँ, जो शरीरमा प्रकट हुनुभएको थियो, आत्मामा धर्मी ठहरिनुभयो, स्वर्गदूतहरूबाट देखिनुभयो, जाति जातिहरूमा प्रचारिनुभयो, संसारभरि विश्वास गरिनुभयो, महिमामा माथि ग्रहण हुनुभयो। १ तिमोथी ३:१६

## येशू परमेश्वरका पुत्र



जसले येशूलाई परमेश्वरका पुत्र हो भनी स्वीकार गर्छे त्यसमा परमेश्वर रहनुहुन्छ, र त्यो चाहिँ परमेश्वरमा।

१ यूहन्ना ४:१५

किनभने उहाँमा ईश्वरत्वको सारा परिपूर्णता शारीरिक रूपैमा बास गर्दछ। कलस्सीहरूलाई २:९

किनकी हाम्रो निम्ति एउटा बालक जन्मेको छ, हाम्रो निम्ति एउटा पुत्र दिइएको छ, अनि शासन उहाँको काँधमाथि हुनेछ, र उहाँको नाउँ उदेकको, सल्लाहकार, शक्तिमान ईश्वर, अनन्तका पिता र शान्तिका राजकुमार हुनेछ।

यशायाह ९:६

## ४ म को हुँ भनी येशू हामीलाई बताउनु हुन्छ

येशूले तिनीहरूलाई भन्नुभयो, "साँचो साँचो म तिमी-हरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिदेखिनै म छँदैछु।" यूहन्ना ८:५८

येशूले तिनीहरूलाई भन्नुभयो, "जीवनको रोटी मनै हुँ; मकहाँ आउने भोकाउने छैन, र मलाई विश्वास गर्ने कहिल्यै तिर्खाउनेछैन।" यूहन्ना ६:३५

येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन मै हुँ; मलाई विश्वास गर्ने मरचो भने पनि बाँच्नेछ; औ बाँच्ने र मलाई विश्वास गर्ने कहिल्यै पनि मर्नेछैन।" यूहन्ना ११:२५

## येशूले गर्नुभएको केही आश्चर्यकर्महरू ५

औ हेर, बाटोमा बसिरहेका दुइजना अन्धाहरूले येशू त्यो बाटो गइरहनुभएको छ भन्ने सुनेर यसो भनि चिच्याए, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया रहोस्।" येशूले टिठाएर तिनीहरूका आँखा छोइदिनुभयो; र उत्तिखेरै तिनीहरूले देख्नलागे, र उहाँका पछिलागे। मत्ती २०:३० र ३४

औ बोलिसक्नुभएपछि. उहाँले शिमोनलाई "गहिरोतिर लगेर माछा पक्रनालाई आफ्ना जाल हान" भनी भन्नुभयो। तर शिमोनले जवाफ दिएर भने, "हजूर, हामीले रातभरी मेहनत गरेर पनि केहि फेला पारेनौं, तापनि, तपाईंको वचनमा म जाल हान्ने छु।" अनि त्यसो गरेपछि तिनीहरूले एक थुप्रो माछा पक्रे; र तिनीहरूका जाल फाट्नलागे। लूका ५:४-६

## ६ येशू ख्रीष्ट सृष्टिकर्त्ता र प्रभु हुनुहुन्छ

त्यसैकारण इस्राएलका सारा घरानाले यो निश्चय जानून्, कि येशू, जसलाई तपाईहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु, र ख्रीष्टसमेत तुल्याउनुभयो। प्रेरित २:३६

सबै थोक उहाँबाट (येशू ख्रीष्टबाट) हुनआए; औ हुनआएको कुनै एक थोक पनि उहाँ बिना हुनआएन। हन्ना १:३

किनभने उहाँमानै सबै थोक सृष्टि भएका थिए; स्वर्गमा र पृथ्वीमाथि भएका दृष्य र अदृष्य थोकहरू, चाहे सिंहासन-हरू, चाहे प्रभुत्वहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। कलस्सी १:१६

## येशू ख्रीष्ट सबैका न्यायकर्त्ता हुनुहुन्छ ७

किनकि पिताले कसैको इन्साफ गर्नु हुन्न, तर सबै इन्साफ गर्ने काम पुत्रलाई दिनुभएको छ। यूहन्ना ५:२२

औ उहाँले हामीलाई जनतामा प्रचार गर्न र परमेश्वरले ठहराउनुभएको जिउँदा र मरेकाहरूका न्यायाधीश उहाँनै हुनुहुन्छ भन्ने साबूत दिनलाई आज्ञा गर्नुभएको छ। प्रेरित १०:४२

तर तिमी आफ्नो भाइलाई किन दोष लाउँछौ? अथवा तिमी फेरि आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरको न्याय-आसनको सामने खड़ा हुनेछौं। रोमी १४:१०

## ८ येशू ख्रीष्ट द्वारा मात्र मुक्ति (उद्धार)

औ सिद्ध तुल्याईकन, उहाँको आज्ञा मान्नेहरू सबैका निम्ति, उहाँ अनन्त मुक्तिको कर्त्ता हुनुभयो। इब्रानी ५:९

औ नता अरू कसैबाट मुक्ति छ; किनकि स्वर्गमनि मानिसहरूमा कुनै अर्को नाउँ दिएको छैन, जसबाट हामीले उद्धार पाउनसक्छौं। प्रेरित ४:१२

यसैकारण पनि उहाँद्वारा परमेश्वरको नजीक आउने-हरूलाई उहाँले सम्पूर्ण उद्धार गर्नसक्नुहुन्छ, किनभने तिनी-हरूका निम्ति अन्तरविन्ती गर्नलाई उहाँ सँधैभरि रहनुहुन्छ। इब्रानी ७:२५

## येशू ख्रीष्ट द्वारा मात्र मुक्ति (उद्धार) ९

येशूले तिनलाई भन्नुभयो, "बाटो, र सत्य, र जीवन मै हुँ; म द्वारा बाहेक कोही पिताकहाँ पुग्दैन।" यूहन्ना १४:६

ज्योतिमा पवित्र जनहरूको अधिकारको सम्भागी हुनलाई हामीलाई योग्य तुल्याउनुहुने, पितालाई धन्यवाद चढ़ा-उँदै, जसले हामीलाई अन्धकारको शक्तिदेखि छुटाउनु र आफ्नो प्रेमका पुत्रको राज्यभित्र परिवर्त्तन गराउनुभयो, जसमा हाम्रो उद्धार, अर्थात् हाम्रो पापको क्षमा छ। कलस्सी १:१२-१४

जसले हामीलाई हाम्रा सब अधर्मबाट उद्धार गर्नलाई र उहाँको निम्ति सुकर्ममा जोशिलो भएका उहाँकै आफ्ना एक खास पवित्र जाति तुल्याउनलाई हाम्रो निम्ति आफैलाई अर्पण गर्नुभयो। तीतस २:१४

## १० खीष्टको रगतको प्रायश्चित

तर जस्तो उहाँ ज्योतिमा हुनुहुन्छ, हामी पनि ज्योतिमै हिंड्छौं भनेता एउटासँग अर्काको हाम्रो सङ्गति हुन्छ, र उहाँको पुत्र येशूको रगतले हामीलाई सब पापबाट शुद्ध पार्छ। १ यूहन्ना १:७

जसमा हामीलाई उहाँको रगतबाट उद्धार, अर्थात् अनुग्रहको धनअनुसार अपराधहरूको क्षमा हुन्छ। एफिसी १:७

जीवित परमेश्वरको सेवा गर्नलाई खीष्टको रगतले तिमीहरूका विवेकलाई शक्तिहीन कामहरूबाट कति बड़तागरी शुद्ध पार्ला? जसले अनन्त आत्मा द्वारा अर्पण गर्नुभयो। इब्रानी ९:१४

## खीष्टमा विश्वास द्वारा मुक्ति ११

किनकि परमेश्वरबाट उत्पन्न भएकोले पनि संसारलाई विजय गर्छ; र संसारमाथि विजयी हुने विजयचाहिँ हाम्रो विश्वास हो। १ यूहन्ना ५:४

किनभने तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट उद्धार पाएका छौ, र यो ता तिमीहरू आफैबाट होइन, यो परमेश्वरको वरदान हो; कामबाट होइन, नत्रता कसैले घमण्ड गर्नेछ। एफिसी २:८-९

यसकारण तिनीहरूले उहाँलाई भने, "परमेश्वरका काम गर्नलाई हामीले के गर्नुपर्छ?" येशूले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, "परमेश्वरको काम यो हो, कि जसलाई उहाँले पठाउनुभयो उसलाई विश्वास गर।" यूहन्ना ६:२८-२९

## १२ परमेश्वरको कृपा

किनकि पृथ्वीबाट स्वर्ग जति अग्लो छ, उहाँसँग डराउने-हरूमाथि उहाँको कृपा त्यत्तिकै ठूलो हुन्छ। भजन संग्रह १०३:११

तर यहोको कृपा भने उहाँको भय मान्नेहरूमाथि युग युगसम्म रहन्छ, र उहाँको धार्मिकता त्यसका छोरा नातिसम्मै रहन्छ। भजन संग्रह १०३:१७

तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन, तर उहाँको कृपाअनुसार नयाँ सृष्टिको स्नान र पवित्र आत्मा-द्वाराको पुनर्जीवनलेनै उहाँले हाम्रो उद्धार गर्नुभयो। तीतस ३:५

## हामीलाई उहाँकहाँ जानलाई परमेश्वर अह्राउनुहुन्छ १३

हे सबै मेहनत गर्ने, र बेसरी लादिएका हो! मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। मत्ती ११:२८

औ आत्मा र दुलहीले भन्नुहुन्छ, 'आउनुहोस्'। औ जसले सुन्छ, त्यसले 'आउनुहोस्' भनोस्। औ जो तिर्खाउँछ, त्यो आओस्; जसले मन गर्छ, त्यसले जीवनको पानी सितैंमा लेओस्। प्रकाश २२:१७

परमेश्वर भन्नु हुन्छ, "लौ आओ हामी आपस्तमा बातचीत गरौं। तिमीहरूका पाप सिन्दूरे रंगका भए पनि ती हिँऊ जस्ता सेता हुनेछन्, ती बैगुने रंग झैं राता भए पनि ती ऊन जस्ता हुनेछन्। यशायाह १:१८

## १४ सबै मानिसहरू परमेश्वरका सन्तान होइनन्

परमेश्वरका सन्तान र शैतानका सन्तान यसैबाट प्रष्ट हुन्छ; धर्म नगर्ने हरेक परमेश्वरबाट को हुँदैन, नता त्यो, जसले आफ्नो भाईलाई प्रेम गर्दैन। १ यूहन्ना ३:१०

तर जत्तिले उहाँलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने हक दिनुभयो, अर्थात् उहाँको नाउँमाथि विश्वास गर्नेहरूलाई। यूहन्ना १:१२

किनभने जत्ति जनालाई परमेश्वरका आत्माले डोर्‍याएका हुन्छन्, तिनीहरूनै परमेश्वरका छोराहरू हुन्। किनभने फेरि भयभित हुनलाई बन्धनको आत्मा तिमीहरूले पाएका छैनौ; तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पायौ। जसबाट 'अब्बा, पिता' भनी हामी पुकारदछौं। रोमी ८:१४,१५

## जाँड़–रक्सी इत्यादि बारे परमेश्वर के भन्नु हुन्छ १५

हाय तिनीहरूमाथि, जुनहरू मद्य खानलाई बिहान सखारै उठछन्; जुनहरू दाखमद्यको गर्मी नचड़ेसम्म राति सम्मै खाइरहन्छन्। यशायाह ५:११

अब शरीरका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्: व्यभिचार, अपवित्रता, लुच्याई, मूर्त्तिपुजा, मंत्र-तंत्र, दुश्मनी, झैझगड़ा, ईख, क्रोध, विरोध, फूट, कुमार्ग, डाहा, मतवालीपन, भोजको मोजहरू र यस्तै अरूहरू; जस्का विषयमा मैले पहिले पनि तिमीहरूलाई जनाउ दिएको छु, र अघाड़ि देखि जनाउ दिएकै हुँ; जस जसले यस्ता कामहरू गर्दछन् परमेश्वरको राज्यका हकवाला हुनेछैनन्। गलाती ५:१९-२१

१६ **इमान्दारीले मात्र पुग्दैन**

उहाँ बाटोमा जाँदै गर्नुहुँदा एकजनाले दौडेर आई उहाँको सामु घुँडा टेकेर उहाँलाई सोध्यो, 'हे उत्तम गुरु, अनन्त जीवनको हकदार हुनलाई मैले के गर्नुपर्छ?' येशूले त्यसलाई भन्नुभयो, "तिमी किन मलाई उत्तम भन्छौ? एक, अर्थात् परमेश्वरबाहेक अरू कोही उत्तम छैन। तिमी आज्ञाहरू जान्दछौ, 'हत्या नगर्नू; व्यभिचार नगर्नू; नचोर्नू; झूटा गवाही नदिनू, नठग्नू, आफ्ना बाबु र आमालाई आदर गर्नू।' अनि त्यसले उहाँलाई भन्यो, 'गुरुज्यू, यी सबै ता मैले मेरो बाल्यावस्था देखिनै पालन गरेकै छु।' येशूले त्यसमाथि नजर गरी त्यसलाई माया गरेर भन्नुभयो, 'तिमीलाई अझ एउटा कुराको अभाव छ; जाऊ, र तिम्रो जे जत्ति छन् बिक्री गर, र गरीवहरूलाई देऊ, अनि तिमीले स्वर्गमा सम्पत्ति पाउनेछौ; र आएर मेरो पछि लाग।' तर यस कुराले त्यसको शिर निहुरयो, र त्यो दु:खित भएर गइहाल्यो; किनभने त्यो धेरै धन-सम्पत्ति भएको मानिस थियो। मर्कूस १०:१७-२२

**धोखा न खाऊ** १७

कुनै मानिसले तिमीहरूलाई खोक्रा कुराले धोखा नदेओस्; किनभने यीनै कुराको कारणले अनाज्ञाकारिताका सन्तानमाथी परमेश्वरको क्रोध आउँछ। एफिसी ५:६

अधर्मीहरू परमेश्वरको राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? न ठगियौ: नता व्यभिचारीहरू, न मूर्तिपूजकहरू, न जारी गर्नेहरू, न लुच्चाहरू, न पुरुषगामीहरू, न चोरहरू, न लोभीहरू, न मतवालाहरू, न गालीगर्नेहरू, न लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुनेछन्। १ कोरिन्थी ६:९-१०

१८ **पापले मृत्यु ल्याउँछ**

तर आनन्द मनाउनु र खुशी हुनुपर्ने नै हो, किनकि यो तेरो भाइ मरेको थियो, र फेरी बिउँज्यो; औ हराएको थियो, र पाइयो। लूका १५:३२

किनभने शरीरमा मन लगाउनु चाहिँ मृत्यु हो, तर आत्मामा मन लगाउनु जीवन र शान्ति हो। रोमी ८:६

तब तृष्णा गर्भवती भएर पापलाई जन्माउँछ, र पाप पूरो बढ़े पछि मृत्यु उत्पन्न गराउँछ। याकूब १:१५

यसैकारण जसरी एउटै मानिसद्वारा पाप संसारमा प्रवेश भयो, र पापबाट मृत्यु, त्यसरीनै मृत्यु सबै मानिसमा फैलियो, किनकि सबैले पाप गरेका छन्। रोमी ५:१२

**ख्रीष्टले मृत्युमाथी जय पाउनु भयो** १९

आदि र अन्त, औ जीवित चाहिँ मैं हुँ। म मरेको थिएँ, हेर, म सधैंको निम्ति जीवित छु, औ मृत्यु र पातालका साँचाहरू मसँग छन्। यूहन्ना को प्रकाश १:१८

यसैकारण पिताले मलाई प्रेम गर्नुहुन्छ, किनकि म आफ्नु प्राण, त्यो म फेरी लिने हेतुले, अर्पण गर्छु। त्यो अर्पण गर्ने मेरो अख्तियार छ, औ त्यो फेरि लिने पनि मेरो अख्तियार छ, यो आज्ञा मैले मेरो पिताबाट पाएँ। यूहन्ना १०:१७-१८

अनि यी कुरा भनेर उहाँ ठूलो सोरले कराउनुभयो; "लाजरस, बाहिर निस्की आऊ।" त्यो मरेको मान्छे हात-खुट्टा बाँधिएको कात्रोसहित निस्की आयो, औ तिनको अनुहार रूमालले बेह्रिएको थियो। यीशुले तिनीहरूलाई भन्नुभयो, "तिनलाई फुकाइदेऊ र जानदेऊ।" यूहन्ना ११:४३-४४

२० **परमेश्वर को आज्ञाहरू**

म बाहेक तिमीहरूको अरू कुनै ईश्वर हुनेछैन। तिमीहरूले आफ्नो निम्ति कुनै खोपिएको मूर्त्ति नबनाओ। अर्थात् कुनै वस्तुको प्रतिरूप, जे माथि आकाशमा, वा तल पृथ्वीमा, अथवा पृथ्वीमनि भएका पानी भित्र छ। तिमीहरूले तिनीहरूलाई दण्डवत नगर, नता तिनीहरूको सेवा गर।

तिमीहरूले आफ्ना प्रभु परमेश्वर को नाउँ व्यर्थैमा नलेओ, किनकि परमेश्वरले आफ्नु नाउँ व्यर्थैमा लिनेहरूलाई निर्दोष ठहराउनु हुन्न।

प्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आज्ञा गरे बमोजीम विश्रामको दिन पवित्र राख्नलाई ख्याल राख। छ दिन सम्म तिमीहरूले परिश्रम गर्नेछौ र सबै काम गर्नेछौ, तर

सातौं चाहिँ दिन प्रभु तिमीहरूका परमेश्वरको २१
निम्ति विश्रामको दिन हो।

प्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आज्ञा दिनुभये झैं आफ्ना माता-पिताका आदर गर।

तिमीहरूले हत्या नगर।

तिमीहरूले व्यभिचार नगर।

तिमीहरूले चोरी नगर।

तिमीहरू आफ्नो छिमेकीको बिरूद्धमा झूठो साक्षी नदेओ। तिमीहरू आफ्नो छिमेकीको स्वास्नीको लालच नगर, न आफ्नो छिमेकीको घरको, न उसको खेतको, न उसको कमाराको न उसको कमारीको, न उसको गोरूको, न उसको गधाको, न कुनै पनि वस्तुको जो तिमीहरूको छिमेकीको छ। व्यवस्था विवरण ५:७-२१

## तपाईं परमेश्वरबाट लुक्न सक्नु हुन्न

किनकि केही दबेको छैन, जो प्रकट हुँदैन; नता केहि गुप्त छ, जो जानिँदैन र प्रकाशमा आउँदैन। लूका ८:१७

किनकि उहाँको नजर मानिसका चालमाथी रहन्छ, अनि उहाँले उसका सबै चाल देख्नुहुन्छ। अँध्यारो कहीं छैन नता मृत्युको छाँया, जहाँ अधर्म गर्नेहरू लुक्नसक्छन्।
अय्यूब ३४:२१,२२

प्रभु भन्नु हुन्छ, "मैले न देख्ने गरि के कसैले आफैलाई गुप्त ठाँउमा लुकाउन सक्ला?" प्रभु भन्नु हुन्छ, "के मैले आकाश (स्वर्ग) र पृथ्वी भरेको छैन?" यिर्मयाह २३:२४

परमेश्वरको नजर हरएक जगहमाथि भलो-बुरो दुवै देखिरहेको हुन्छ। उखान १५:३

## अधर्मीहरूको निम्ति अनन्तको दण्ड



मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र सबै बाधा पार्ने कुराहरू र अधर्म गर्नेहरूलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन्, र तिनीहरूलाई आगोको धूनिमा फालिदिनेछन्; त्यहाँ रूवाबासी र दाह्रा किटाई हुनेछ। मत्ती १३:४१–४२

दुष्ट चाहिँ पातालमै फर्केर जानेछ, परमेश्वरलाई बिर्सने सबै जातिहरू पनि। भजन संग्रह ९:१७

तब यिनीहरू चाहिँ अनन्त दण्डमा; तर धार्मिकहरू चाहिँ अनन्त जीवनमा जानेछन्। मत्ती २५:४६



## अघि रहेको न्याय

तब यसैले हामी हरेकले परमेश्वरलाई आफ्ना आफ्ना हिसाब दिनु पर्छ। रोमी १४:१२

इन्साफको दिनमा हामी निर्भय छौं भनेरनै प्रेम हामीमा सिद्ध भएको छ; किनभने उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं। १ यूहन्ना ४:१७

उहाँले एक दिन ठहराउनु भएको छ, जुन दिनमा उहाँ आफूले नियुक्त गर्नुभएको मानिसद्वारा धर्मपूर्वक संसारको इन्साफ गर्नुहुनेछ; जसको बारेमा उहाँलाई मरेकोबाट बिउँ-जाएर सबै मानिसहरूलाई उहाँले विश्वास दिलाउनु भएको छ।
प्रेरित १७:३१

## येशू ख्रीष्टको अनुग्रह



तब ता यो नता इच्छा गर्नेको, न चलाउनेको, तर कृपा देखाउने परमेश्वरको हो। रोमी ९:१६

परमेश्वरले घमण्डीहरूलाई विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ। १ पत्रुस ५:५ ख

औ बड़ो शक्ति सित ती प्रेरितहरूले प्रभु येशूको पुनरुत्थानको गवाही दिन्थे; र तिनीहरू सबै माथी ठूलो अनुग्रह रहेको थियो। प्रेरित ४:३३

किनभने हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह थाहै छ, कि उहाँको दरिद्रताबाट तिमीहरू धनी होओ भनेर, उहाँ धनी भएर पनि, तिमीहरूका खातिर दरिद्र हुनुभयो।
२ कोरिन्थी ८:९



## पश्चाताप्

यसकारण पश्चाताप् गर्नुहोस्, र फर्कनुहोस्, र तपाईं-हरूका पाप मेटिओस्, औ प्रभुका सामनेबाट आरामको समय आओस्। प्रेरित ३:१९

पश्चाताप् गर, किनभने स्वर्गको राज्य नजीक आएको छ।
मत्ती ३:२

म तिमीहरूलाई भन्दछु, त्यसो होइन; तर तिमीहरूले मन फिराएनौ भने तिमीहरू सबै त्यसै गरी नाश हुनेछौ।
लूका १३:३

किनभने परमेश्वरको इच्छाअनुसारको अफसोसले पछितो गर्नु नपर्नेगरी उद्धारको निम्ति पश्चाताप् उत्पन्न गर्छ; तर संसारको अफसोसले मृत्यु उत्पन्न गर्छ। २ कोरिन्थी ७:१०

## पापहरूको क्षमा



हेर, म ढोकामा उभिएर घचघच्याउँछु, कुनै मानिसले सोर सुनेर ढोका खोलिदियो भने, म त्यसकहाँ भित्र आउनेछु, र त्यससंग भोज खानेछु र त्यस्ले म संग खानेछ।
प्रकाश ३:२०

किनकि तिमीहरूले मानिसहरूका कसूर क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गीय पिताले पनि तिमीहरूलाई क्षमा गर्नु हुनेछ। मत्ती ६:१४

दुष्टले आपनो चाल र अधर्मीले आफ्नो विचार छोड़ोस्, अनि त्यो परमेश्वरकहाँ फर्कोस् र उहाँले त्यस माथी दया गर्नु हुनेछ, त्यो हाम्रा परमेश्वरकहाँ फर्कोस् र उहाँले प्रशस्तसंग क्षमा गर्नुहुनेछ। यशायाह ५५:७

## २८ सांसारिकता बाट अलग हुनु

माथिका कुरामा मन लगाओ, पृथ्वीका कुरामा होइन । कलस्सी ३:२

अन्धकारका निष्फल कार्यहरूसँग सङ्गत नगर, तर तिनीहरूका दोष देखाइदेओ । एफिसी ५:११

संसारलाई प्रेम नगर, नता संसारमा भएका कुनै चीजलाई प्रेम गर । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने, पिताको प्रेम त्यसमा हुँदैन । किनकि संसारमा भएका जुनसुकै कुरापनि, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिता तर्फको होइन, तर संसार तर्फको हो ।
१ यूहन्ना २:१५-१६

## नयाँ जन्म २९

परमेश्वरबाट उत्पन्न भएको हरेकले पाप गर्दैन भन्ने हामी जान्दछौं; तर परमेश्वरबाट उत्पन्न भएकोलाई उहाँले बचाई-राख्नु हुन्छ र दुष्टले त्यसलाई छुँदैन । १ यूहन्ना ५:१८

परमेश्वर को जीवित र नित्य रहने वचन द्वारा, विनाशी होइन, तर अविनाशी वीर्यबाट फेरि जन्मिएका छौ ।
१ पत्रुस १:२३

येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "साँचो साँचो म तिमीलाई भन्दछु कोही नयाँगरी जन्मेन भनेता उसले परमेश्वरको राज्य देख्न सक्तैन ।" यूहन्ना ३:३

यसरी कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टिहुन्छ। पूराना कुराहरू बितिसके; हेर, ती नयाँ भई सकेका छन् ।
२ कोरिन्थी ५:१७

## ३० पापको लेखि मरेको–ख्रीष्टमा बिउँताएको

औ ख्रीष्ट येशूका जत्तिले ता शरीरलाई माया र लालसाहरूसँगै क्रूशमा टाँगेका छन् । गलाती ५:२४

यसकारण यदि तिमीहरू ख्रीष्ट संगै बिउँतिएका छौ भने माथिका कुराहरू खोज, जहाँ, ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ । कलस्सी ३:१

हामी जो पापको लेखि मरचौं, अझ कसरी त्यसैमा जिउने ?...यसैगरी तिमीहरूले पनि आफू आफूलाई पापको लेखि मरेको तर ख्रीष्ट येशूमा, परमेश्वरको लेखि जिउँदै भएको ठान । रोमी ६:२,११

## अनन्त जीवन ३१

किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदान हाम्रा प्रभु ख्रीष्टमा अनन्त जीवन हो ।
रोमी ६:२३

औ अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई, र जसलाई तपाईले पठाउनुभयो अर्थात् येशू ख्रीष्टलाई चिनून् । यूहन्ना १७:३

साँचो साँचो म तिमीलाई भन्दछु, जसले मेरो कुरा सुन्छ र मलाई पठाउनेलाई विश्वास गर्छ, उसमा अनन्त जीवन छ, औ त्यो इन्साफमा आउँदैन, तर मृत्युदेखि जीवनमा सरिहालेको हुन्छ ।
यूहन्ना ५:२४

## ३२ मुक्तिको निश्चयता

मलाई प्रेम गर्ने त्यही हो, जसले मेरा आज्ञा मान्दछ, र तिनलाई पालन गर्दछ; जसले मलाई प्रेम गर्दछ त्यो मेरो पिताको पनि प्रेमी हुनेछ; औ म त्यसलाई प्रेम गर्नेछु; र म आफै त्यस माथि प्रकट हुनेछु । यूहन्ना १४:२१

धार्मिकताका कामबाट शान्ति आउँछ, अनि धार्मिकताका परिणाम सधैंसम्मका लागि शान्तपना र भरोसा हुनेछन् ।
यशायाह ३२:१७

हे मेरा साना केटा–केटी हो, बचन र मुखले मात्र हामी प्रेम नगरौं, तर कामले साँचो प्रेम गरौं । यसैमा हामी जान्दछौं कि हामी सत्यका छौं, र जुन कुरामा हाम्रो हृदयले हामीलाई दोष लगाउँछ, त्यस विषयमा हामीले हाम्रो हृदयलाई परमेश्वरको साम्ने निश्चय गराऔं । १ यूहन्ना ३:१८, १९

## भित्र वास गर्नु हुने ख्रीष्टले आनन्द दिनुहुन्छ ३३

मैले यी कुरा तिमीहरूलाई भनेको छु, कि मेरो आनन्द तिमी-हरूमा रहोस्, र तिमीहरूका आनन्द पूर्ण भइजाओस् ।
यूहन्ना १५:११

तपाईंले मलाई जीवनको मार्ग देखाउनुहुनेछ; तपाईंकै उपस्थि-तिमा आनन्दको भरपूरी छ; तपाईंकै दाहिने बाहुलीमा सदासर्वदाको निम्ति सुख छ । भजन संग्रह १६:११

म ख्रीष्टको साथसाथै क्रूसमा टाँगिएको छु; तै पनि म जिउँछु । त्यसो भएता पनि म ता होइन तर ख्रीष्ट म मा जिउँनु हुन्छ, र जुन जीवनमा अहिले म शरीरमा जिउँछु परमेश्वरका पुत्रका विश्वासमा जिउँछु जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई समर्पण गर्नुभयो । गलाती २:२०

## ३४ प्रभुको आज्ञापालन–आवश्यक

के तिमीहरूलाई थाह छैन, जसको आज्ञाकारिताको निम्ति दास जस्तै भई तिमीहरू आफैलाई समर्पण गर्दछौ, त उसैका दास तिमीहरू हौ, जसको आज्ञा पालन गर्दछौ? चाहे मृत्युको निम्ति पापको, अथवा धर्मको निम्ति आज्ञा पालनको। रोमी ६:१६

औ तिमी कष्ट पाउनेहरूलाई हामी सँग आरामी दिनालाई; उहाँको शक्तिका स्वर्गदूतहरूसँग प्रभु येशू स्वर्गबाट बल्दो आगोमा प्रकाश हुँदा, परमेश्वरलाई नचिन्नेहरूलाई, हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरूलाई बदला दिँदा यिनीहरूले प्रभुको मुखबाट र उहाँको शक्तिको तेजबाट अनन्त विनाशको सजाय भोग्नेछन्। २ थिस्सलोनिकी १:७-९

## खीष्टको स्वीकार–आवश्यक ३५

यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई मेरो स्वर्गमा हुने पिताको सामु स्वीकार गर्नेछु। तर हरेक जसले मलाई मानिसहरूका सामु इन्कार गर्छ म पनि उसलाई मेरा स्वर्गमा हुने पिताको सामु इन्कार गर्नेछु। मत्ती १०:३२-३३

किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गरचौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बिउँताउनु भयो विश्वास गरचौ भने तिम्रो उद्धार हुनेछ; किनभने मानिसले हृदयबाट धार्मिकतालाई विश्वास गर्नेसक्छ, औ मुख-बाट उद्धारको निम्ति स्वीकार गरिन्छ। रोमी १०:९-१०

## ३६ शैतान–हाम्रो परम शत्रु

शैतानका युक्तिहरूका विरूद्धमा खड़ा हुन सक्नालाई परमेश्वरको सारा हात–हतियार धारण गर। एफिसी ६:११

सचेत रहो, जागा रहो; तिमीहरूको विरोधी शैतान, कसलाई भेट्टाऊँ र निलिहालूँ भनेर गर्जने सिंहझैं खोजेर हिड़छ। १ पत्रुस ५:८

तब दुष्टात्माबाट परीक्षा हुनालाई येशू आत्माद्वारा बनमा लगिनुभयो। तब येशूले त्यसलाई भन्नु भयो, "ए शैतान हटी जा; किनभने यस्तो लेखिएको छ, "कि तैंले प्रभु आपना परमेश्वर-लाई दण्डवत गर्नू, औ उहाँको मात्र सेवा गर्नू" तब दुष्टात्माले उहाँलाई छोड्यो; र स्वर्गदूतहरूले आएर उहाँको सेवा टहल गरे। मत्ती ४:१,१०-११

## शैतान माथि जय ३७

यसकारण परमेश्वरको अधिनमा रहो, शैतानको विरोध गर, अनि त्यो तिमीहरू बाट भाग्ने छ। परमेश्वरको नजीक आओ, र उहाँ तिमीहरूका नजीक आउनुहुनेछ। याकुब ४:७, ८ क

तब त्यो अधर्मी प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँको आगमनको प्रकाशले विनाश पार्नुहुनेछ। २ थिस्सलोनिकी २:८

जसले पाप गर्छ त्यो शैतानबाटको हो; किनकि शैतानले ता शुरूदेखिनै पाप गर्दैआएको छ। शैतानका कामहरू नष्ट पार्नालाईनै ता परमेश्वरका पुत्र प्रकट हुनभएको हो। १ यूहन्ना ३:८

## ३८ चेला हुवाइको जाँच–प्रेम

यदि म मानिसहरू र स्वर्गदूतहरूका भाषामा बोलें, तरैपनि म मा प्रेम छैन भने, म टाङ्ग टाङ्ग गर्ने घण्टा, कि झ्याइँ झ्याइँ गर्ने झ्याली हुन्छु। १ कोरिन्थी १३:१

यदि तिमीहरू आपसमा प्रेम गरचौ भने, तिमीहरू मेरा चेलाहरू हौ भनी यसै बाट सबैले जान्नेछन्। यूहन्ना १३:३५

तर आत्माको फल चाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाई विश्वसता, नम्रता, संयम हुन्। गलाती ५:२२-२३ क

यदि कसैले म परमेश्वरलाई प्रेम गर्छु, भन्छ र आफ्नो भाइलाई घृणा गर्छभने, त्यो झूटा हो; किनकि आफूले देखेको आफ्नो भाइलाई प्रेम नगर्नेले नदेखेको परमेश्वरलाई प्रेम गर्न सक्तैन। १ यहन्ना ४:२०

## येशू खीष्टको पुनरुत्थान ३९

जो हाम्रा अपराधको निम्ति सुम्पिनुभयो, र हामी धर्मी ठहरिनालाई बिउँतनुभयो। रोमी ४:२५

अब आठ दिनपछि उहाँका चेलाहरू फेरि भित्रै थिए, औ थोमा पनि तिनीहरू संग थिए। ढोका बन्द गरिएकैमा येशू आउनुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्"। तब उहाँले थोमालाई भन्नु भयो, "तिम्रो औंलो यहाँ ल्याऊ, र मेरा हातहरू हेर; औ तिम्रो हात यहाँ ल्याएर मेरो कोखामा हाल; औ अविश्वासी होइन, तर विश्वासी होऊ।" थोमाले उहाँलाई जवाफ दिईभने "हे मेरा प्रभु, औ हे मेरा परमेश्वर।" यूहन्ना २०:२६-२८

४० **पुनरुत्थान, हाम्रो महिमित आशा**

त्यस बेला देखि येशूले आफ्ना चेलाहरूलाई देखाउन लाग्नु भयो, कि उहाँलाई कसरी यरूसलेममा जानु, र प्राचीन-हरू र मुख्य पुजाहारीहरू औ शास्त्रीहरूबाट धेरै शासना भोग्नु, र मारिनु र तेस्रो दिनमा बौरनु आवश्यक छ । मत्ती १६:२१

अथवा के तिमीहरू अजान छौ, हामो सबै, जत्ति जनाले ख्रीष्टमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? यसकारण त्यस बप्तिस्माद्वारा हामी उहाँसंगै गाडियौं, र जसरी ख्रीष्ट मरेको बाट पिताको महिमाद्धारा विउँताइनु भयो, त्यसरीनै हामी पनि नयाँ जीवनको ढाँचामा हिँडौं । किनकि यदि उहाँको मृत्यु जस्तै गरी हामी उहाँसंग सम्मिलित भएका छौ भने, उहाँको पुनरूत्थानमा पनि त्यसरीनै हुनेछौं ।
रोमी ६:३-५

**परमेश्वर प्रति पवित्रता** ४१

हामीलाई मंजूरी दिनालाई र हाम्रा शत्रुहरूका हातबाट बचाउनलाई, कि हामी निर्भयसंग उहाँकै सामुन्ने पवित्रता र धार्मिकतामा हाम्रा जीवन भरि उहाँको सेवा गरौं ।
लूका १:७४-७५

तर तिमीहरूलाई बोलाउनु हुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनको सबै रहन सहनमा पवित्र होओ।
१ पत्रुस १:१५

म चाहिँ ता तिमीहरूलाई पश्चताप्को लागी बप्तिस्मा दिन्छु, म पछि आउने म भन्दा अझ शक्तिमान हुनुहुन्छ, जसका जुत्ता बोक्ने लायकको म छैनँ, उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ । मत्ती ३:११

४२ **आत्माले भरिएका मानिसहरू**

तर पवित्र आत्मा तिमीहरूमा आउनु भए पछि तिमीहरूले शक्ति पाउनेछौ औ तिमीहरू.................मेरो गवाही हुनेछौ । प्रेरित १:८

तर यदि परमेश्वरको आत्मा खुद तिमीहरूमा बास गर्नुहुन्छ भनेता, तिमीहरू शरीरमा होइन, तर आत्मामा हुन्छौ, तर कोही मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदै होइन । रोमी ८:९

औ तिनीहरूले प्रार्थना गरिसके पछि तिनीहरू भेला भएको त्यो ठाँउमा कम्प भयो, र तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र तिनीहरूले निर्भयसँग परमेश्वरको बचन बोले।
प्रेरित ४:३१

**ख्रीष्टियानहरूका लागी उदेकका प्रतिज्ञाहरू** ४३

"किनकि ती सबै कुरा मेरा हातले बनाए र ती सबै कुरा हुन आए," प्रभु भन्नुहुन्छ, "तर म त्यस मानिसलाई हेर्नेछु त्यसलाई जो गरीब र चूर्ण आत्माको छ, र मेरो बचन सुनेर थर्थराउँछ ।" यशायाह ६६:२

यह्वेमा (प्रभुमा) भरोषा राख, र भलाई गर; देशमा रहेर सत्यताको पछि लाग । भजन संग्रह ३७:३

हे प्रिय हो, तिमीहरूलाई परीक्षा गर्ने तिमीहरू माथि परी आउने आगो सरहको परीक्षालाई, केही अचम्म कुरा भए जस्तैगरि तिमीहरू ताजुब नहोओ । तर ख्रीष्टको शासनाहरूको सहयोगी भए सम्म रमाओ, र उहाँको महिमा प्रकट हुँदाखेरि तिमीहरू पनि हर्षित र आनन्दित होओ । १ पत्रुस ४:१२-१३

४४ **परीक्षितहरूका लागी प्रतिज्ञाहरू**

औ शान्तिका परमेश्वरले शैतानलाई चाँड़ैनै तिमीहरूका खुट्टामनि कुल्चानुहुनेछ । रोमी १६:२०

धर्मात्मालाई धेरै दुःख ता हुन्छन्, तर यह्वेले (प्रभुले) तिनलाई ती सबैबाट छुटाउनुहुन्छ । भजन संग्रह ३४:१९

मानिसले सहनसक्ने किसिमको बाहेक अरू परीक्षामा तिमीहरू परेका छैनौ; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुने छैन; तर तिमीहरूले सहनसकोस भनेर परीक्षाको साथ साथै उम्कने बाटो पनि दिनुहुन्छ । १ कोरिन्थी १०:१३

**विजयीहरूका लागि प्रतिज्ञाहरू** ४५

जित्ने यी कुराका हकदार हुनेछ; र म त्यसको परमेश्वर हुनेछु र त्यो मेरो छोरो हुनेछ । यूहन्नाको प्रकाश २१:७

जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा म सित बस्न दिनेछु जसरी मैले पनि जीते, र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु । यूहन्नाको प्रकाश ३:२१

जसले जित्छ, त्यसलाई यसरि सेता लुगा पहिराइदिन्छु; र म कुनै रीतिले पनि त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिनेछैन; म त्यसको नाउँ मेरा पिताको सामने र उहाँका दूतहरूका सामने स्वीकार गर्नेछु । यूहन्नाको प्रकाश ३:५

## पाचुकी बारे परमेश्वर हामी संग बोल्नुहुन्छ

जसले आफ्नी स्वास्नीलाई त्यागेर अर्कीलाई विवाह गर्दछ त्यसले व्यभिचार गर्दछ, औ लोग्नेबाट त्यागेकीलाई विवाह गर्ने मानिसले पनि व्यभिचार गर्दछ। लूका १६:१८

अब विवाह गरेकाहरूलाई म कड़ा आज्ञा दिन्छु, म होइन प्रभु दिनुहुन्छ, कि पत्नि पतिबाट छुट्टेर नबसोस्, (तर छुट्टेर बसी भने त्यसले विवाह नगरेर बसोस्, अथवा पति सित मिलापमा बसोस्) औ पतिले पत्निलाई नत्यागोस्।
१ कोरिन्थी ७:१०-११

तर म तिमीहरूलाई भन्दछु, 'जसले आफ्नो पत्नीलाई व्यभिचारको कारणबाहेक त्याग गर्ला, उसलाई त्यसले व्यभि-चारिणी तुल्याउँछ, र जसले त्याग गरेकी सित विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ।' मत्ती ५:३२

## येशू आउनु हुनेछ



औ यदि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म फेरि आउँछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ। यूहन्ना १४:३

औ तब मानिसको पुत्रको चिह्न आकाशमा देखा पर्नेछ औ पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासित आउँदैगरेको देख्नेछन्। मत्ती २४:३०

किनकि मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? किनकि यस व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको ऐश्‍वर्यमा पवित्र दूतगणसित आउँदा त्यसदेखि शर्माउनेछ। मर्कुस ८:३७

त्यसपछि मानिसको पुत्रलाई शक्ति र महा महिमासँग बादलमा आइरहेको तिनीहरूले देख्नेछन्। लूका २१:२७

हे प्रिय हो, अहिले हामी परमेश्‍वरका सन्तान छौं, र हामी के होऔंला सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं, किनकि उहाँ जस्तो हुनुहुन्छ, हामी उहाँलाई त्यस्तै देख्नेछौं। १ यूहन्ना ३:२

तिमीहरू पनि तयार रहो, किनकि तिमीहरूले नचिताएको बेलामा मानिसको पुत्र आउनेछ। लूका १२:४०

किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरूसित आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कर्मअनुसार प्रतिफल दिनेछ। मत्ती १६:२७



## परमेश्‍वरको वचन

ती दिनमा गर्भवती र दूध खुवाउनेहरूको निम्ति, हाय! किनकि देशमा ठूलो संकष्ट, र यी मानिसहरूमाथि क्रोध आइपर्नेछ। लूका २१:२३

किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट उत्तेजित भएर मानिसहरूले परमेश्‍वरका तर्फबाट बोल्दथिए। २ पतरस १:२१

परमेश्‍वरबाट प्रेरणा भएको हरेक धर्मशास्त्र जो छ, सो सिकाउनलाई, अर्ती दिनालाई, सच्याउनालाई, उचित जीवन यापन गर्नालाई उपयोगी हुन्छ। २ तिमोथी ३:१६

तपाईंको वचन मेरो खुट्टाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो छ। भजनसंग्रह ११९:१०५

## प्रार्थना र क्षमा

तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर। हे हाम्रा स्वर्गमा बस्ने पिता, तपाईंको नाउँ पवित्र गरिओस्। तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमाझैं यस पृथ्वीमा पूरा होस्। हाम्रो दिनभरिको भोजन आज हामीलाई दिनुहोस्। औ हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं। हामीलाई परीक्षामा नल्याउनुहोस्, तर दुष्टबाट छुटाउनुहोस्। किनभने राज्य, पराक्रम र महिमा सदा सर्वदा तपाईंकै हुन्, आमिन।'' किनकि तिमीहरूले मानिसहरूका कसूर क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गका पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका कसूर क्षमा गरेनौ भनेता तिमीहरूका पिताले तिमीहरूका कसूर क्षमा गर्नुहुनेछैन। मत्ती ६:९-१५

## परमेश्‍वरले तयार गर्नु भएको मुक्तिको वाटो

**मलाई मुक्तिदाता चाहिन्छ**

किनभने सबैल पाप गरेका छन्, र परमेश्‍वरको महिमारहित हुनगएका छन्। **रोमी ३:२३**

तर तिमीहरूका अधर्मले तिमीहरूलाई तिमीहरूका परमेश्‍वरबाट अलग गरेका छन्, **यशैया ५९:२**

**येशू मेरो लागी मर्नु भयो**

किनभने हामीलाई परमेश्‍वरकहाँ ल्याउनलाई ख्रीष्टले पनि शरीरमा मारिए तर आत्मामा जीवित भएर, अधर्मीहरूका निम्ति धर्मी भएर, १ पतरस ३:१८

**मैले मेरो पापको लागी पश्‍चाताप गर्नुपर्छ**

तिम्रा दोषहरू लुकायौ भने तिम्रो उन्नति हुँदैन, तर स्वीकार गरेर ती छोड्यौ भने तिमीले कृपादृष्टि पाउनेछौ **हितोपदेश २८:१३**

यसकारण पश्‍चाताप गर्नुहोस्, र फर्कनुहोस्, र तपाईंहरूका पाप मेटिओस्, **प्रेरित ३:१९अ**

**मैले विश्‍वाद्वारा येशूलाई ग्रहण गर्नुपर्छ**

तर जत्तिले उहाँलाई ग्रहण गरे, उहाँले तिनीहरूलाई परमेश्‍वरका सन्तान हुने हक दिनुभयो, अर्थात उहाँको नाउँमाथि विश्‍वास गर्नेहरूलाई। **यूहन्ना १:१२**

**म मेरो मुक्तिको लागी निश्‍चय हुनसक्छु**

जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, **१ यूहन्ना ५:१२अ**

साँचो साँचो म तिमीहरूलाई भन्दछु, जसले मेरो बात सुन्छ र मलाई पठाउनेलाई विश्‍वास गर्छ, उसमा अनन्त जीवन छ, औ त्यो इन्साफमा आउँदैन, तर मृत्युदेखि जीवनमा सरिहालेको हुन्छ। **यूहन्ना ५:२४**

**अरु बढ़ी जानकारीको लागि तलको एउटा ठेगानामा पत्र लेख्नोस्।**


होम कन्सर्न
पोष्ट बक्स. ३११८
काठमाडौं, नेपाल

वा

होम कन्सर्न
पोष्ट बक्स. ५९
सिलगुड़ी, दार्जीलिङ
भारत ७३४ ४०१

For more information, write to:

**Every Home Concern**
**P.O. Box 3118**
**Kathmandu, Nepal**

or

**Every Home Concern**
**P.O. Box 59**
**Siliguri, India 734 401**


www.wmpress.org

60 Nepali HFA

12-10